# बिद्यार्थीको आचार संहिता

## क्याम्पसका बिद्यार्थीहरुले देहाय बमोजिम आचार संहिता पालना गर्नु पर्नेछ ।

क) बिद्यार्थी नियमानुसार अनुशासनमा रहनु पर्नेछ ।

ख) क्याम्पसले जारी गरेको नियम पालना गर्नु पर्नेछ ।

ग) क्याम्पस प्रमुखको स्वीकृति विना क्याम्पस हाताभित्र कुनै सभा सम्मेलन गर्न, बाहिरका व्यक्तिलाई आमन्त्रित गरी बोल्न लगाउन नाटक,नाचगान आदि कार्यक्रम गर्न पाइने छैन ।

घ) क्याम्पस हाताभित्र कुटपिट गर्न, गाली गलौच गर्न, हात हतियार लिई उपस्थित हुन तथा अमर्यादित कियाकलाप गर्न पाइने छैन ।

ङ.) क्याम्पसका प्राध्यापक कर्मचारी तथा बिद्यार्थीलाई क्याम्पसभित्र कुटपिट, गालीगलौज तथा अमर्यादित कियाकलाप गर्न, लेखेर, बोलेर वा इसाराले बेइज्जत गर्न पाइने छैन

च) क्याम्पसका पुस्तक, फर्निचर, उपकरण, चलअचल सम्पत्तिको दुरुपयोग गर्न पाइने छैन ।

छ) माथि उल्लेखित आचार संहिता उलङ्घन गर्ने बिद्यार्थीलाई क्याम्पस प्रमुखले उचित छानबिन गरी नसिहत दिने, हानि नोक्सानीको क्षतिपूर्ति गराउने, अपराधको अनुपातमा आर्थिक जरिवाना गर्ने, केही समयका लागि कक्षाबाट निलम्बित गर्ने तथा क्याम्पसमा अध्ययन गर्न नपाउने गरी निष्काशन गर्नका लागि सञ्चालक समितिलाई सिफारिस गर्ने आदि कारवाही गर्न सक्नेछन् । यसरी क्याम्पसबाट आचरण सम्बन्धीगरिएको कारवाहीको निर्णय अन्तिम हुनेछ ।

ज) विद्यार्थीहरु क्याम्पसमा नियमित रुपमा संस्थाले तोकेको समयमा परिचय पत्र सहित उपस्थित हुनुपर्नेछ ।

झ) विद्यार्थीहरु अनिवार्य रुपमा क्याम्पसले तोकेको पोशाकमा उपस्थित हुनुपर्नेछ ।

ञ) क्याम्पसको गरीमा, प्रतिष्ठा, मर्यादा र शैक्षिक अभिवृद्धिका काममा केन्द्रित हुनु पर्नेछ ।

ट) क्याम्पसका विविध प्रशासनिक अङ्गमा आवश्यक विवरण कागजात, शुल्क आदि तोकिएको अवधि भित्र उपलब्ध गराई सक्नु पर्नेछ ।

ठ) कक्षा कोठामा पस्ने र निस्कने मर्यादा पालन गर्नुपर्नेछ ।

ड) क्याम्पस प्रांगण भित्र कुनै पनि किसिमको धुम्रपान गर्न पाइने छैन ।

ढ) क्याम्पसको शैक्षिक क्षेत्र भित्र मोबाइल बंद गर्नु पर्नेछ ।

# प्राध्यापक र कर्मचारी आचार संहिता

## प्राध्यापक र कर्मचारीको आचरण सम्बन्धी व्यबस्था ।

क) क्याम्पसको बिकास र हितलाई प्राध्यापक र कर्मचारीले सर्बोपरी ठानी प्राथमिकता दिनु पर्नेछ ।

ख) क्याम्पसमा आईपरेका समस्या समाधानमा क्याम्पस प्रमुखलाई सबै प्राध्यापक र कर्मचारीहरुले सहयोग गर्नुपर्छ ।

ग) क्याम्पसको कुनै प्राध्यापक वा कर्मचारीले क्याम्पस प्रमुखको पूर्व स्वीकृति बेगर आफुले कर्तव्य पालना गर्दा क्याम्पसमा भए गरेका काम कारवाही र कागज पत्र आदिको जानकारी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा क्याम्पस बाहिरका व्यक्तिलाई दिन पाइने छैन ।

घ) प्राध्यापक तथा कर्मचारीहरुले क्याम्पस भित्र वा बाहिर आफ्नो आचरण तथा नैतिकता शुद्ध र पवित्र राख्नु पर्नेछ ।

ङ.) क्याम्पसको सबै प्रकारको सम्पत्तिको संरक्षण गर्नु पर्नेछ ।

च) आफूलाई तोकिएको कार्यभारको उत्तरदायित्व वहन गर्नु पर्नेछ ।

छ) क्याम्पस हाताभित्र धुम्रपान र मादक पदार्थ सेवन गरी प्रवेश गर्न पाइने छैन ।